विश्वव्यापी नीति

# हाम्रो स्वास्थ्य, सुरक्षा, वातावरण र समुदाय (HSEC) नीति

**BlueScope मा स्वास्थ्य, सुरक्षा, वातावरण र समुदायप्रति हाम्रो दायित्व र प्रतिबद्धता हामीले व्यवसाय गर्ने तरिकाको अभिन्न अंश हो र यो हामीमध्ये प्रत्येकबाट सुरु हुन्छ।**

**हाम्रो उद्देश्य, हाम्रो सम्बन्धलाई समर्थन गर्न र हाम्रो 'हाम्रो काम गर्ने तरिका' आचार-संहितासँग पङ्क्तिबद्ध हुनका लागि, हामी निम्न कुराप्रति प्रतिबद्ध छौँ:**

## स्वास्थ्य, सुरक्षा र वातावरण

- विविधतापूर्ण मानिस र दृष्टिकोणहरूलाई महत्त्व दिन र आमन्त्रित गर्न अनि हाम्रा ग्राहक, ठेकेदार, आपूर्तिकर्ता र समुदायहरूसम्मको पहुँच उपलब्ध गराउनका लागि एउटा समावेशी कार्यस्थल संस्कृतिलाई बढावा दिने
- हाम्रा वातावरण र समुदायहरूको कल्याणलाई बढावा दिन र काम गर्दा हुने दुर्घटना, अस्वस्थता, हानि रोकथाम गर्नका लागि सुरक्षित र स्वस्थकर कार्य अवस्थाहरू उपलब्ध गराउने
- हाम्रा कार्यस्थल, उत्पादन र सेवाहरूसँग सम्बन्धित खतरा र जोखिमहरू कम गर्नका लागि व्यावहारिक र प्रभावकारी नियन्त्रणहरू लागू गर्ने
- कुनै गम्भीर दुर्घटना वा अवस्थता विना हाम्रो लक्ष्य पूरा गर्न प्रयास गर्ने
- प्रदूषण रोक्न र हाम्रा कार्यसञ्चालन, उत्पादन र सेवाहरूको नकारात्मक वातावरणीय प्रभावलाई कम गर्नका लागि स्रोतहरूको प्रभावकारी प्रयोग।

## समुदाय

- हाम्रा समुदायहरूको मूलमान्यता र साँस्कृतिक सम्पदाको सम्मान गर्ने
- एक महत्त्वपूर्ण कर्पोरेट नागरिक भएर रोजगारी, सामाजिक र आर्थिक लाभहरू प्रदान गर्नका लागि हाम्रा समुदायहरूसँगको समावेशी साझेदारीमा सक्रिय ढङ्गले संलग्न हुने

## हाम्रा कार्यहरू

HSEC प्रति हाम्रा प्रतिबद्धताहरू पूरा गर्नका लागि, हामी:

- हाम्रो स्वास्थ्य र कल्याणका लागि स्याहार र सहायताको वातावरणलाई बढावा दिने छौँ
- हाम्रा कर्मचारी र आन्तरिक तथा बाह्य सरोकारवालाहरूसँग सक्रिय रूपमा परामर्श गर्ने र उनीहरूलाई सहभागी हुन अनुरोध गरेर हाम्रा टोलीहरूमा दृष्टिगोचर नेतृत्वकर्ताहरू बन्ने छौँ
- HSEC प्रतिका हाम्रा जिम्मेवारी र उत्तरदायित्वहरूलाई स्पष्ट रूपमा परिभाषित, व्यक्त र पूरा गर्ने छौँ
- सम्बन्धित उद्देश्य र लक्ष्यहरूको निर्धारण, अनुगमन र रिपोर्टिङ गरेर HSEC गतिविधिहरूलाई व्यावसायिक रणनीति र जोखिम प्रोफाइलहरूसँग पङ्क्तिबद्ध गर्ने छौँ
- सिकाइको वातावरणलाई बढावा दिएर HSEC का सम्बन्धमा उपयुक्त जानकारी र प्रशिक्षण प्रदान गर्ने छौँ, हाम्रा क्षमता र निर्णय लिने क्षमताहरू विकास गर्ने छौँ
- HSEC का जोखिम तथा अवसरहरूलाई ध्यानमा राख्दै र जोखिम नियन्त्रण उपायहरूको प्रभावकारिता सुनिश्चित गर्न शासन कार्यक्रमहरू लागू गर्दै, HSEC का लागि हाम्रा कार्यसम्पादन तथा सहायता व्यवस्थापन प्रणालीहरूलाई निरन्तर सुधार गर्ने छौँ
- कानुनी र अन्य व्यावसायिक मापदण्डहरूको अनुपालन गर्ने छौँ

हामी समावेशीकरणको कदर गर्छौं र हाम्रा मानिसहरूलाई आफ्ना विचार र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्छौं।
हामी केही गलत हुँदा आवाज उठाउने संस्कृतिलाई बढावा दिन प्रतिबद्ध छौँ।

Our Purpose Our Bond

SpeakUp